# जानकी गाउँपालिकाको आर्थिक ऐन, २०७८

गाउँसभाबाट पारित मिति :- २०७८।०३।१०

## जानकी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः-**

जानकी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम जानकी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस ऐनको नाम "**जानकी गाउँपालिकाको आर्थिक ऐन, २०७८**" रहेको छ ।

(२) यो ऐन सम्वत २०७८ साल साउन १ गतेदेखि जानकी गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः-**

गाउँपालिका क्षेत्र भित्र **अनुसूची- १** बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):-**

गाउँपालिका क्षेत्र भित्र **अनुसूची- २** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः-**

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएमा **अनुसूची- ३** बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः-**

गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूची- ४** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः-**

गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा **अनुसूची - ५** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः-**

गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा **अनुसूची- ६** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः-**

गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा **अनुसूची- ७** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः-**

गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका **अनुसूची - ८** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. **सेवा शुल्क, दस्तुर :-**

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनूसूची - ९** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **पर्यटन शुल्क :-**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट **अनुसुची - १०** मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१२. **नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदी) बिक्री कर :-**

यस गाउँपालिका क्षेत्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदी/खोलाहरुबाट ढुङ्गा, गिट्टी, बालुवा, भरान, ग्राभेल, माटो आदीमा **अनुसूची - ११** मा उल्लेख भए बमोजिम विक्री कर लगाइने तथा असूल गरिनेछ ।

१३. **कवाडी मालसामानमा लाग्ने कर :-**

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले कवाडी मालसामान जस्ता बस्तुको व्यावसायिक कारोवार गरे बफत अनुसूची -१२ बमोजिम कवाडी मालसामान तथा अन्य वस्तुमा कर लगाईने र असुल उपर गरिनेछ ।

१४. **कर छुट :-**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :-**

यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूचीः- १**

दफा २ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**सम्पति कर (घरजग्गा कर)**

| सि.न. | घरको किसिम | आ.व. २०७८/०७९ को पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १. | कच्ची, झुपडी, अन्य घर | ५०।- | |
| २. | चुली घर | १५०।- | |
| ३. | पक्की घर १ तले | २००।- | |
| ४. | पक्की घर २ तले | ३००।- | |
| ५. | पक्की घर २ तले भन्दा माथी | ४००।- | |

**अनुसूचीः- २**

दफा ३ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**भुमी कर (मालपोत)**

| सि.न. | जग्गाको किसिम र सिमा | आ.व. २०७८/०७९ को पारित दर रु. | कैफियत |
|---|---|---|---|
| **१.** | **०-०-१ देखि १-१०-० सम्म** | -- | |
| १.१.१ | अव्बल प्रति कठ्ठा | ११।- | |
| १.१.२ | दोयम प्रति कठ्ठा | १०।- | |
| १.१.३ | सिम प्रति कठ्ठा | ९।- | |
| १.१.४ | चहार प्रति कठ्ठा | ८।- | |
| **१.२** | **१-१०-१ देखि ३-०-० सम्म** | -- | |
| १.२.१ | अव्बल प्रति कठ्ठा | १५।- | |
| १.२.२ | दोयम प्रति कठ्ठा | १४।- | |
| १.२.३ | सिम प्रति कठ्ठा | १३।- | |
| १.३.४ | चहार प्रति कठ्ठा | १२।- | |
| **१.३** | **३-०-० माथि** | -- | |
| १.३.१ | अव्बल प्रति कठ्ठा | २६।- | |

| | | | |
|---|---|---|---|
| १.३.२ | दोयम प्रति कठ्ठा | २३।- | |
| १.३.३ | सिम प्रति कठ्ठा | २०।- | |
| १.३.४ | चहार प्रति कठ्ठा | १८।- | |
| **२.** | **जरिवाना** | -- | |
| २.२.१ | प्रथम वर्ष जम्मा बक्यौतामा | ३५% | |
| २.२.२ | दोस्रो वर्ष जम्मा बक्यौतामा | ५०% | |
| २.२.३ | सो भन्दा माथि प्रति वर्ष वृद्धि दर | ५% | |

**अनुसूचीः- ३**

दफा ४ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**घरबहाल कर**

| | |
|---|---|
| १. | घर भाडाको रकममा १० प्रतिशत |
| २. | पसल भाडाको रकममा १० प्रतिशत |
| ३. | ग्यारेज भाडाको रकममा १० प्रतिशत |
| ४. | गोदाम भाडाको रकममा १० प्रतिशत |
| ५. | टहरा भाडाको रकममा १० प्रतिशत |
| ६. | छप्पर भाडाको रकममा १० प्रतिशत |
| ७. | जग्गा भाडाको रकममा १० प्रतिशत |
| ८. | पोखरी आंशिक वा पुरै भाडाको रकममा १० प्रतिशत |

**अनुसूचीः-४**

दफा ५ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**व्यवसाय कर**

| सि.नं. | वार्षिक व्यवसाय करको विवरण | वर्ग (आ.व.२०७८/०७९ को पारित दर) (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सानो | मझौला | ठुलो | |
| **१.** | **व्यापारीक बस्तु** | -- | -- | -- | |
| १.१.१ | मदिरा, चुरोट र पेय पदार्थ | ३,०००।- | ५,०००।- | १०,०००।- | |
| १.१.२ | गहना जन्य | ७५०।- | १,५००।- | २,०००।- | |
| १.१.३ | डिजिटल स्टुडियो | ७५०।- | १,५००।- | २,०००।- | |
| **१.२** | **निर्माण सामाग्री व्यवसाय** | -- | -- | -- | |
| १.२.१ | हार्डवयर पसल | १,०००।- | २,०००।- | ३,०००।- | |
| १.२.२ | विद्युतिय सामाग्री (इलेक्ट्रीकल) | ५००।- | १,०००।- | १,५००।- | |
| १.२.३ | कम्प्युटर, फोटोकपी, फ्याक्स अन्य सामाग्री बिक्री | ५००।- | १,०००।- | १,५००।- | |
| १.२.४ | पेट्रोलीयम पदार्थ ग्याँस समेत | १,५००।- | २,५००।- | ३,०००।- | |
| **१.३** | **दैनिक उपभोग्य खाद्यान्न** | -- | -- | -- | |
| १.३.१ | चिया तथा खाजा पसल | ५००।- | ८००।- | १,०००।- | |
| १.३.२ | किराना पसल | ५००।- | ८००।- | १,०००।- | |
| १.३.३ | कपडा पसल काँचो | ५००।- | ८००।- | १,०००।- | |
| १.३.४ | फेन्सी कपडा पसल | ५००।- | ८००।- | १,०००।- | |
| **१.४** | **सवारी, साधन, जेनेरेटर साथै अन्य मेशीनरी तयारी सामग्री बिक्रेता** | ७००।- | ९००।- | १,०००।- | |
| **२.** | **विशषेज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | -- | -- | -- | |
| २.१.१ | चिकित्सक, कविराज, वकील, लेखापरीक्षक परामर्शदात्ता, ईन्जिनियर, सर्भेयर, अनुवादक, अन्य कन्सल्टेन्सी आदि । | ५००।- | १,०००।- | १,५००।- | |
| २.१.२ | ढुवानी सेवा | १,०००।- | १,५००।- | २,०००।- | |
| २.१.३ | कुटानी, पिसानी, पेलानी मिल | १,५००।- | २,०००।- | ३,०००।- | |
| २.१.४ | फड गल्ला खरिद | १,५००।- | २,०००।- | ३,०००।- | |

| सि.नं. | वार्षिक व्यवसाय करको विवरण | वर्ग (आ.व.२०७८/०७९ को पारित दर) रु. | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सानो | मझौला | ठुलो | |
| **३.** | **निर्माण व्यवसायी "घ" वर्ग** | -- | -- | -- | |
| ३.१.१ | इजाजतपत्र दस्तुर | १०,०००।- | | | |
| ३.१.२ | इजाजतपत्र नविकरण दस्तुर | ५,०००।- | | | |
| ३.१.३ | इजाजतपत्र नविकरण थप दस्तुर | १०,०००।- | | | |
| ३.१.४ | इजाजतपत्र प्रतिलिपि दस्तुर | १,०००।- | | | |
| **४.** | **उत्पादनमुलक उद्योग** | -- | -- | -- | |
| ४.१.१ | निर्माण सम्बन्धी मेटल, आल्मुनियमजन्य, बल्क, फर्निचर आदि | २,०००।- | ३,५००।- | ५,०००।- | |
| ४.१.२ | ईटाँ भट्टा | १५,०००।- | २०,०००।- | २५,०००।- | |
| ४.१.३ | प्लान्ट राईस मिल | १०,०००।- | १२,५००।- | २५,०००।- | |
| ४.१.४ | स-मिल | १०,०००।- | १२,५००।- | १५,०००।- | |
| ४.१.५ | पेट्रोल पम्प | १०,०००।- | १२,५००।- | १५,०००।- | |
| ४.१.६ | ग्रिल उद्योग | २,०००।- | ३,५००।- | ५०००।- | |
| ४.१.७ | सिमेन्ट टायल भट्टा | ५,०००।- | ७,५००।- | १०,०००।- | |
| ४.१.८ | क्रसर उद्योग | २०,०००।- | २५,०००।- | ३०,०००।- | |
| **५.** | **उर्जामुलक उद्योग** | २,०००।- | ३,०००।- | ४,०००।- | |
| **६.** | **कृषि, पशुपन्छी फार्म तथा अन्य उद्योग** | | | | |
| ६.१.१ | **कृषि, पशुपालन फार्म, मत्यपालन फार्म, पोल्ट्री फार्म (कुखुरापालन) संख्याका आधारमा वर्गीकरण**<br>**१) गाई, भैसीपालन फार्म**<br>सानोः- ५-१० वटा<br>मझौलाः- ११-३० वटा<br>ठुलोः- ३० भन्दा माथि<br>**२) भेडा बाख्रापालन फार्म**<br>सानोः- २५-५० वटा<br>मझौलाः- ५१-७५ वटा<br>ठुलोः- ७६ भन्दा माथि<br>**३) बंगुर पालन फार्म**<br>सानोः- ५-१० वटा<br>मझौलाः- ११-३० वटा<br>ठुलोः- ३० भन्दा माथि | १,०००।- | २,०००।- | ३,०००।- | |

| सि.नं. | वार्षिक व्यवसाय करको विवरण | वर्ग (आ.व.२०७८।०७९ को पारित दर) रु. | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सानो | मझौला | ठुलो | |
| | **४) स्थानीय कुखुरा फार्म**<br>सानोः- २००-५०० वटा<br>मझौलाः- ५०१-१००० वटा<br>ठुलोः- १००१ भन्दा माथि<br>**५) लेयर्स कुखुरा फार्म**<br>सानोः- १०००-३००० वटा<br>मझौलाः- ३००१-५००० वटा<br>ठुलोः- ५००१ भन्दा माथि<br>**६) बोईलर कुखुरा फार्म**<br>सानोः- ५००-१००० वटा<br>मझौलाः- १००१-२५०० वटा<br>ठुलोः- २५०१ भन्दा माथि<br>७) कृषि फार्म (तरकारी)<br>सानोः- ७.५ देखि २० कठ्ठा क्षेत्रफल<br>मझौलाः- २० भन्दा माथि ६० कठ्ठा क्षेत्रफल सम्म<br>ठुलोः- ६० कठ्ठा भन्दा माथि क्षेत्रफल<br>८) कृषि फार्म (खाद्यान्न बाली)<br>सानोः- २० कठ्ठा सम्म<br>मझौलाः- २० भन्दा माथि ६० कठ्ठा सम्म<br>ठुलोः- ६० कठ्ठा भन्दा माथिको क्षेत्रफल<br>९) कृषि फार्म (मौरी पालन)<br>सानोः- २० घार सम्म<br>मझौलाः- २१ देखि १०० घार सम्म<br>ठुलोः- १०० घार भन्दा माथिको<br>१०) कृषि फार्म (हाईटेक/अग्रिनेट/पोली हाउस)<br>सानोः- ५०० वर्ग मिटर सम्म क्षेत्रफल<br>मझौलाः- ५०० भन्दा माथि १००० वर्ग मिटर क्षेत्रफल<br>ठुलोः- १००० वर्ग मिटर भन्दा माथिको क्षेत्रफल<br>११) मत्स्य फार्म<br>सानोः- ५ कठ्ठा क्षेत्रफल सम्म<br>मझौलाः- ५ कठ्ठा भन्दा माथि २० कठ्ठा क्षेत्रफल सम्म<br>ठुलोः- २० कठ्ठा क्षेत्रफल भन्दा माथि | १,०००।- | २,०००।- | ३,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.१.२ | **कृषि फार्म नविकरण शुल्क** | ५००।– | | | |
| ६.१.३ | कृषक समूह दर्ता दस्तुर | ५००।– | | | |
| ६.१.४ | कृषक समूह/ कृषि फार्म नविकरण दस्तुर (म्याद समाप्त भएको ३५ दिन भित्र) | २५०।– | | | |
| ६.१.५ | कृषक समूह/ कृषि फार्म नविकरण थप दस्तुर | ५००।– | | | |
| ६.१.६ | कृषक समूह/कृषि फार्म प्रमाणपत्र प्रतिलिपी दस्तुर | २५०।– | | | |
| ६.१.७ | कृषि तथा पशुपन्छी जन्य फार्म नविकरण दस्तुर | ५००।– | | | |
| **७.** | **उद्योग सेवा** | -- | -- | -- | |
| ७.१.१ | खनिज उद्योग | २०,०००।– | २५,०००।– | ३०,०००।– | |
| ७.१.२ | होटल, लज र रेष्टुरेन्ट | १,०००।– | २,०००।– | ३,०००।– | |
| ७.१.३ | रिर्सोट | ५,०००।– | | | |
| ७.१.४ | गार्मेन्ट उद्योग | २,०००।– | ३,०००।– | ५,०००।– | |
| ७.१.५ | छापाखाना जन्य उद्योग | ५००।– | १,०००।– | १,५००।– | |
| ७.१.६ | कलरल्याब | ५००।– | १,०००।– | १,५००।– | |
| ७.१.७ | फोटोग्राफी | ५००।– | ७००।– | ९००।– | |
| **७.२** | **संचार सेवा** | -- | -- | -- | |
| ७.२.१ | पत्रपत्रिका, टेलीफोन, फ्याक्स, मोवाइल इन्टरनेट आदी सेवा | ५००।– | १,०००।– | १,५००।– | |
| ७.२.२ | FM रेडियो | ५,०००।– | | | |
| **७.३** | **वित्तिय सेवा** | सानो | मझौला | ठुलो | |
| ७.३.१ | वाणिज्य बैंक | ६,०००।– | | | |
| ७.३.२ | विकास बैंक | ५,०००।– | | | |
| ७.३.३ | फाईनान्स कम्पनी | ४,०००।– | | | |

| सि.नं. | वार्षिक व्यवसाय करको विवरण | वर्ग (आ.व.२०७८/०७९ को पारित दर) रु. | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सानो | मझौला | ठुलो | |
| ७.३.४ | लघुबित कम्पनी | ३,०००।– | | | |
| ७.३.५ | वित्तीय सहकारी संस्था | २,५००।– | | | |
| ७.३.६ | कृषि सहकारी संस्था दर्ता | २,०००।– | | | |
| ७. ३. ७ | कृषि सहकारी संस्था प्रमाण पत्र प्रतिलिपी दस्तुर | १,०००।– | | | |
| ७. ३. ८ | विदेशी मुद्रा सटही धितोपत्र कारोवार गर्ने मनी ट्रान्सफर आदी | २,०००।– | | | |
| **७.४** | **बिमा कम्पनी** | ४,०००।– | ७,०००।– | ८,०००।– | |
| **७.५** | **स्वास्थ्य सेवा** | -- | -- | -- | |
| ७.५.१ | औषधि पसल (सुविधा सम्पन्न ल्याब सहितको सामान्य एकुपंचर लगायत) | ९००।– | १,२००।– | १,५००।– | |
| ७.५.२ | नर्सिङ्होम स्तर अनुसार | २,०००।– | ३,५००।– | ४,०००।– | |
| ७.५.३ | गैर–सरकारी अस्पताल | २,५००।– | ४,०००।– | ५,०००।– | |
| **७.६** | **शिक्षा सेवा** | -- | -- | -- | |
| ७.६.१ | निजी स्कुल (प्राथमिक, आधारभुत र मा.वि.) | २,०००।– | ३,०००।– | ५,०००।– | |
| ७.६.२ | तालिम तथा अनुसन्धान केन्द्र, टाईपिङ, कम्प्युटर प्रशिक्षण केन्द्र | १,०००।– | २,०००।– | २,५००।– | |
| **७.७** | **मर्मत संभार सेवा** | -- | -- | -- | |
| ७.७.१ | मोटर्स पार्टपुर्जा जन्य | ७००।– | १,५००।– | २,०००।– | |
| ७.७.२ | रेडियो, टिभी, घडी तथा धातु जन्य | ५००।– | १,०००।– | १,५००।– | |
| **७.८** | **अन्य सेवा** | -- | -- | -- | |
| ७.८.१ | विज्ञापन सेवा | १००।– | ५००।– | १,०००।– | |
| ७.८.२ | नोटरी पब्लिक | १,०००।– | | | |
| ७.८.३ | व्युटी पार्लर, श्रृंगार जन्य, सिलाइ तथा सैलुन | ५००।– | १,०००।– | १,५००।– | |
| ७.८.४ | आर्ट साईन बोर्ड पेन्टीङ आदी | ५००।– | १,०००।– | १,५००।– | |
| ७.८.५ | मासुजन्य व्यवसाय | ५००।– | १,०००।– | १,५००।– | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.८.६ | तरकारी तथा फलफुल | ५००।– | ७००।– | ९००।– | |
| ७.८.७ | फूल विरुवा नर्सरी | ५००।– | ७००।– | ९००।– | |
| ७.८.८ | फ्रेम, सिसा, डोरी, पोष्टर, पोष्ट कार्ड र गिफ्ट पसल | ५००।– | ७००।– | ९००।– | |
| ७.८.९ | टि. भी., केबुल, नेटवर्किङ आदी | ५,०००।– | ७,५००।– | १०,०००।– | |
| ७.८.१० | जुत्ता चप्पल पसल | ५००।– | ८००।– | १,०००।– | |
| ७.८.११ | जल उपभोक्ता समिति (उपशाखा, शाखा र मूल) | ५००।– | ७५०।– | १,०००।– | |
| **सि.नं.** | **वार्षिक व्यवसाय करको विवरण** | **वर्ग (आ.व.२०७८/०७९ को पारित दर) रु.** | | | **कैफियत** |
| | | **सानो** | **मझौला** | **ठुलो** | |
| ७.८.१२ | सप्लायर्स इन्टरप्राइजेज | ५००।– | १,०००।– | १,५००।– | |
| ७.८.१३ | भाँडा वर्तन मात्र | ५००।– | १,०००।– | १,५००।– | |
| ७.८.१४ | गहना जन्य मात्र | ५००।– | १,०००।– | १,५००।– | |
| ७.८.१५ | कवाडी जन्य सामाग्रीहरु (एकमुष्ट सबै गर्ने) | १,०००।– | २,०००।– | ३,०००।– | |
| ७.८.१६ | प्लास्टिक मात्र | ७००।– | १,५००।– | २,०००।– | |
| ७.८.१७ | बोतल मात्र | ७००।– | १,५००।– | २,०००।– | |
| ७.८.१८ | फलाम मात्र | ७००।– | १,५००।– | २,०००।– | |
| ७.८.१९ | छाला, सिंग जन्य मात्र | ७००।– | १,५००।– | २,०००।– | |
| ७.८.२० | मेशिनद्वारा हावा भर्ने बेल्डिङ्ग समेत | ५००।– | ७५०।– | १,०००।– | |
| ७.८.२१ | कृषि जन्य एग्रोभेट | ५००।– | १,०००।– | १,५००।– | |
| ७.८.२२ | स्टेशनरी पुस्तक पसल | ५००।– | १,०००।– | १,५००।– | |
| ७.८.२३ | प्लाष्टिक फर्निचर, कार्पेट तथा अन्य सजावटका सामानहरु, फम, सिरक, डसना आदी | ५००।– | १,०००।– | १,५००।– | |
| ७.८.२४ | दुर संचार टेलीफोनका टावरहरु | ५,०००।– | ७,५०० | १०,०००।– | |
| ७.८.२५ | ईन्टरनेटको टावरहरू | २,५००।– | ३,०००।– | ३,५००।– | |
| ७.८.२६ | टेन्ट हाउस | १,०००।– | | | |
| ७.८.२७ | डिजे साउण्ड सिस्टम | १,५००।– | | | |
| ७.८.२८ | डिजे एण्ड टेन्ट हाउस | २,०००।– | | | |

**अनुसुचीः- ५**

दफा ६ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**सवारी साधन कर**

| **सि.नं.** | **सवारी साधनको किसिम** | **आ.व. २०७८/०७९ को पारित दर रु.** | **कैफियत** |
|---|---|---|---|
| १. | डोजर, टिप्पर, गेडर, रोडर, एक्साभेटर | ८,०००।– | |
| २. | बस, ट्रक, लरी तथा हेभी गाडी | ५,०००।– | |
| ३. | टेक्ट्रर, मिनी ट्रक | ३,०००।– | |
| ४. | भाडाका कार जिप | २,०००।– | |
| ५. | निजीकार, टेम्पो, मिनी बस, | ५००।– | |
| ६. | माईक्रो टेक्ट्रर, पावर टेलर | १५०।– | |
| ७. | मोटरसाईकल, स्कुटर, रिक्सा ठेला, ई–रिक्सा तथा अन्य सवारी साधन | १००।– | |

**अनुसूचीः–६**

दफा ७ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**विज्ञापन कर**

| **सि.नं.** | **विवरण** | **आ.व. २०७८/०७९ को पारित दर रु.** | **कैफियत** |
|---|---|---|---|
| १. | १–१० वर्ग फिट सम्म | २००।– | |
| २. | ११–२४ वर्ग फिट सम्म | ५००।– | |
| ३. | २५ भन्दा माथि | १,०००।– | |

**अनुसूचीः–७**

दफा ८ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**मनोरञ्जन कर**

| **सि.नं.** | **विवरण** | **आ.व. २०७८/०७९ को पारित दर रु.** | **कैफियत** |
|---|---|---|---|
| १. | जादु, सर्कस, चटक आदि प्रति दिन | २००।– | |
| २. | मनोरन्जन प्रर्दशन प्रवेश शुल्क भएमा | प्रवेश शुल्कको ३% | |

**अनुसूचीः- ८**

दफा ९ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**बहाल बिटौरी कर**

| सि.नं. | विवरण | आ.व. २०७८/०७९ को पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १. | ऐलानी जग्गा प्रति कठ्ठा | १०।- | |
| २. | हल भाडा प्रति दिन | १,०००।- | |
| ३. | हल भाडा प्रोजेक्टर प्रयोग भएमा | १,५००।- | |

**अनुसूचीः-९**

दफा १० सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**सेवा शुल्क दस्तुर**

| सि.नं. | विवरण | आ.व. २०७८/०७९ को पारित दर रु. | कैफियत |
|---|---|---|---|
| १. | निवेदन दस्तुर | १०।- | |
| २. | ना.प्र.प. सिफारिस | १५०।- | |
| ३. | ना.प्र.प. प्रतिलिपि सिफारिस | १५०।- | |
| ४. | दा.खा. नामसारी | ३२५।- | |
| ५. | वडा सर्जिमिन मुचुल्का | ३५०।- | |
| ६. | नाता प्रमाणित | ३२५।- | |
| ७. | तिनपुस्ते सिफारिस | १५०।- | |
| ८. | नयाँ श्रेस्ता कायम सिफारिस | ५००।- | |
| ९. | फोटो टाँस सिफारिस | १५०।- | |
| १०. | नाम, थर संशोधन | १५०।- | |
| **१०.** | **चारकिल्ला प्रमाणितः-** | -- | |
| १०.१ | न्युनतम २-५-० कठ्ठासम्म | २५०।- | |
| १०.२ | सो भन्दा बढी प्रति कठ्ठा | १०।- | |
| ११. | जन्म मिति प्रमाणित | १५०।- | |

| सि.नं. | विवरण | आ.व. २०७८/०७९ को पारित दर रु. | | कैफियत |
|---|---|---|---|---|
| १२. | संगोल प्रमाणित | १५०।– | | |
| १३. | फोटो प्रमाणित सिफारिस | १५०।– | | |
| १४. | घुम्ती व्यापार सिफारिस | १५०।– | | |
| १५. | लाईसेन्स नविकरण | २५०।– | | |
| १६. | धितो मुल्याकंन, अन्य सम्पत्ति, आम्दानी प्रमाणित | ०.१% | | |
| १७. | विद्युत जडान सिफारिस | १५०।– | | |
| १८. | स्थानीय बसोबास प्रमाणित | १५०।– | | |
| १७. | संस्था दर्ता सिफारिस | ५००।– | | |
| **१८.** | **घरबाटो प्रमाणितः-** | -- | | |
| १८.१ | कालो पत्रे बाटो भएको | १,०००।– | | |
| १८.२ | ग्राभेल बाटो भएको | ९००।– | | |
| १८.३ | कच्ची बाटो भएको | ८००।– | | |
| १८.४ | बाटो नभएको | ७००।– | | |
| १९. | सार्वजनिक बाटो कायम सिफारिस | १,०००।– | | |
| २०. | घर नक्शा फाराम बिक्री | ३००।– | | |
| २१. | विद्यालय दर्ता, थप कक्षा संचालन सिफारिस | ५००।– | | |
| **२२.** | **घर, नक्शा प्रमाणित, पास, अभिलेखीकरणः-** | **प्रयोजन** | | |
| | | **आवसीय** | **व्यापारिक** | |
| २२.१ | प्रति वर्ग फिट | ४।– | ६।- | |
| २२.२ | घर अभिलेखीकरण प्रति वर्ग फिट | ५।– | | |
| २२.३ | घर निर्माण सम्पन्न दस्तुर | ५००।– | | |
| **२३.** | **उद्योग दर्ता सिफारिसः-** | -- | | |
| २३.१ | ग्रिल उद्योग | ५,०००।– | | |
| २३.२ | प्लान्ट राईस मिल | २५,००० ।– | | |

| सि.नं. | विवरण | आ.व. २०७८/०७९ को पारित दर रु. | कैफियत |
|---|---|---|---|
| २३.३ | स–मिल | १५,००० ।– | |
| २३.४ | सिमेन्ट टायल भट्टा | १०,००० ।– | |
| २३.५ | ईटाँ भट्टा | २५,०००।– | |
| २३.६ | पेट्रोल पम्प | १५,०००।– | |
| २३.७ | क्रसर उद्योग | ३०,०००।– | |
| २३.८ | मेटल, आल्मुनियमजन्य, बल्क, फर्निचर उद्योग | ५,०००।– | |
| **२४.** | **होटेल दर्ता सिफारिसः–** | –– | |
| २४.१ | ठुलो होटेल | ३,५००।– | |
| २४.२ | मझौला होटेल | ३,०००।– | |
| २४.३ | सानो होटेल | २,५००।– | |
| **२५.** | **मदिरा व्यवसाय दर्ताः–** | –– | |
| २५.१ | ठुलो मदिरा व्यवसाय | १५,०००।– | |
| २५.२ | मझौला मदिरा व्यवसाय | १०,०००।– | |
| २५.३ | सानो मदिरा व्यवसाय | ५,०००।– | |
| **२६.** | **व्यावसायिक फर्म, ईन्टरप्राइजेज, सप्लायर्स दर्ता तथा अन्य सिफारिसः–** | –– | |
| २६.१ | ठुलो फर्म | ३,५००।– | |
| २६.२ | मझौला फर्म | ३,०००।– | |
| २६.३ | सानो फर्म | २,५००।– | |
| २७. | **व्यवासाय तथा पसल दर्ता सिफरिस :- (गहना जन्य, काँचो कपडा पसल, फेन्सी कपडा पसल, किराना पसल)** | –– | |
| २७.१ | ठुलो | ३,५००।– | |
| २७.२ | मझौला | ३,०००।– | |
| २७.३ | सानो | २,५००।– | |
| २८. | अन्य सिफारिस दस्तुर | १५०।– | |

| सि.नं. | विवरण | आ.व. २०७८/०७९ को पारित दर रु. | कैफियत |
|---|---|---|---|
| २९. | मिलापत्र दस्तुर | ५००।- | |
| ३० | **विविध व्यवसाय दर्ता सिफरिस :** | | |
| ३०.१ | टेन्ट हाउस | ५००।- | |
| ३०.२ | डिजे साउण्ड सिस्टम | १,०००।- | |
| ३०.३ | डिजे एण्ड टेन्ट हाउस | १,५००।- | |
| **३१.** | **साविकको जग्गामा भएका रूख कटान सिफारिस दस्तुरः-** | -- | |
| **३१**.१ | साल, साज | ३,१२५।- | |
| **३१**.२ | सिसम, हल्दु वा अन्य ख श्रेणीका रूख | १,२५०।- | |
| **३१**.३ | अन्य कुकाठ, आम, गुल्लर, भेलर | ३२५।- | |
| **३२.** | **काठहरूको मुल्यांकनः-** | -- | |
| **३२**.१ | साल थान-१ | ३००।- | |
| **३२**.२ | साजको थान-१ | २००।- | |
| **३२**.३ | सिसम, हल्दु वा अन्य थान-१ | १५०।- | |
| **३२.४** | अन्य कुकाठ, आम, गुल्लर, भेलर थान-१ | १००।- | |
| **३३.** | **व्यक्तिगत घटना दर्ताः-** | -- | |
| **३३**.१ | ३५ दिन भित्र | नि:शुल्क | |
| **३३**.२ | ३५ दिन पछि | २००।- | |
| **३३**.३ | अभिलेख हेरेको | २००।- | |
| **३३.४** | प्रतिलिपी दस्तुर | ५००।- | |
| **३३**.५ | अनुसूची फारम दस्तुर | २०।- | |
| **३४.** | **उपचार सेवा कार्यक्रमः-** | -- | |
| **३४**.१ | गाई/भैंसी | १०।- | |
| **३४**.२ | भेडा/बाख्रा/बंगुर | ५।- | |

| सि.नं. | विवरण | आ.व. २०७८/०७९ को पारित दर रु. | कैफियत |
|---|---|---|---|
| **३४**.३ | कुखुरा, हाँस तथा अन्य पशुपन्छी | ५।– | |
| **३४**.४ | कुकुर बिरालो | २५।– | |
| **३४**.५ | हाती, बाँदर अन्य वन्यजन्तु/घोडा | ५०।– | |
| **३५.** | **गोबर परिक्षण** | -- | |
| **३५**.१ | सम्पुर्ण पशुपन्छि | १०।– | |
| **३६.** | **शव परीक्षण** | -- | |
| **३६**.१ | गाई, गोरू, रागा, भैंसी, बंगुर, बाख्रा, भेडा | २५।– | |
| **३६**.२ | कुखुरा, हाँस | १०।– | |
| **३६**.३ | कुकुर, बिरालो | १००।– | |
| **३६**.४ | अन्य बन्यजन्तु | २००।– | |
| **३७.** | **पशु बन्ध्याकरण** | -- | |
| **३७**.१ | राँगो, बहर | २५।– | |
| **३७**.२ | बोका, थुमा | १०।– | |
| **३७**.३ | बीर | २५।– | |
| **३८.** | **गर्भ परिक्षण** | -- | |
| **३८**.१ | गाई, भैसी | २५।– | |
| **३९.** | **कृत्रिम गर्भाधान** | -- | |
| **३९**.१ | गाई, बाख्रा, भैंसी | ५०।– | |
| **४०.** | **थुनेलो परिक्षण** | -- | |
| ४०.१ | सबै पशुहरु | २५।– | |
| **४१.** | **लागत सिफारिस/स्टीमेट** | -- | |
| ४१.१ | बिभिन्न परियोजनाहरु | ५००।– | |
| ४२. | कपाली तमसुक प्रमाणित | २००।– | |
| ४३. | **जग्गा रेखांकन प्रति कित्ता बाफत** | १,५००।- | |

**अनुसूचीः- १०**

दफा ११ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**पर्यटन शुल्क**

| सि.नं. | विवरण | आ.व. २०७८/०७९ को पारित दर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | प्रवेश शुल्क–स्वदेशी | २५।– | |
| २. | प्रवेश शुल्क–विदेशी | १००।– | |
| ३. | भिडियो क्यामेरा–व्यवसायिक | २००।– | |
| ४. | भिडियो क्यामेरा–शिक्षा मुलक | १००।– | |
| ५. | वनभोज–२० जना सम्मको समूह | १००।– | |
| ६. | वनभोज–२० जना भन्दा माथि | २००।– | |
| ७. | मोटरसाइकल पार्किङ्ग | २०।– | |
| ८. | जीप, ट्याक्टर पार्किङ्ग | ५०।– | |
| ९. | बस पार्किङ्ग | १००।– | |
| १०. | विद्यार्थी, जेष्ठ नागरिक | निःशुल्क | |

**अनुसूचीः- ११**

दफा १२ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**नदीजन्य पदार्थको बिक्री कर**

| सि.नं. | विवरण | इकाई | न्यूनतम दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा आदिको बिक्रीमा (मु.अ. कर बाहेक) | प्रति घनफिट | ३।– | |
| २. | माटो (मु.अ. कर बाहेक) | प्रति घनफिट | २.५।– | |
| ३. | काठ दाउरा (दहत्तर बहत्तर) (मु.अ. कर बाहेक) | प्रति किलो | २।- | |

**अनुसूचीः- १२**

दफा १३ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

**कवाडी मालसामानमा लाग्ने कर**

| **सि.नं.** | **विवरण** | **इकाई** | **न्यूनतम दर रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १. | पुराना पलास्टिक | प्रति के.जी. | १।– | |
| २. | सिसा बोटल | प्रति गोटा | ०.५०।– | |
| ३. | फलाम | प्रति के.जी. | ५।- | |
| ४. | गट्टा कागज | प्रति के.जी. | १.५ ।- | |
| ५. | जलेको मोबिल | प्रति लि. | १ ।- | |
| ६. | टायर ट्युव | प्रति गोटा | २०० ।- | |
| ७. | थोत्रो टिन | प्रति वण्डल | १०० ।- | |
| ८. | पुरानो मेसिनरी औजार | प्रति के.जी. | २ ।- | |
| ९. | काँचको धुलो वा टुक्रा | प्रति के.जी. | १ ।- | |
| १०. | पुरानो व्याट्री | प्रति के.जी. | १० ।- | |
| ११. | अन्य धातु (तामा पितल आदि) | प्रति के.जी. | १० ।- | |
| १२. | कार्पेट टुक्रा | प्रति के.जी. | २ ।- | |
| १३. | जुट र पलास्टिक बोरा | प्रति के.जी. | ०.२० ।- | |
| १४. | कागजको कार्टुन | प्रति के.जी. | १ ।- | |

**नोट** :- यो ऐनमा उल्लेखित नभएका कर, दस्तुर र सेवा शुल्कको हकमा यस विधेयक सँग नबाँझिने गरी गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।